# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मितिः २०७७।०२।२८

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका सदस्य एवं तुखवरडटकमका समाचार शाखा प्रमुख बलराम पुडासैनीलाई समाचार संकलनका क्रममा हटौंडा-९ निवासी रमेश गेलालले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ मकवानपुर शाखाका अनुसार जेठ २७ हेटौंडा-४ पारिजातपथमा मल लिन लामवद्ध रहेका किसानहरुले भोग्नु परेको समस्या र त्यहाँको अवस्था बारेमा समाचार सकंलनका लागि पुगेका पत्रकार पुडासैनीलाई निज गेलालले बिनाकारण प्रहरीकै सामुन्ने धकेल्दै अपशब्द प्रगोग गर्दै दुर्व्यवहार गरेका थिए ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तीव्र रुपले बढिरहेको अवस्थामा सम्भावित जोखिमको ख्याल नगरी पेशागत कर्ममा जुटेका पत्रकारमाथि यस किसिमले प्रस्तुत हुनु प्रेस विरोधी काम हो । महासंघ पत्रकारमाथि भएको दुर्व्यवहारको कडा शब्दमा भर्त्सना गर्दछ । घटनामा संलग्नमाथि कानुनी कारबाही गरी पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाउन र निर्वाध रुपमा काम गर्ने वातावरण मिलाउन महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव